# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०१।२१ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०१।२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

<u>**देहायः**</u>

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र.राजु नेपाल समेत** (वि.अ. को (मुद्दा नं. ०७८-CR-०११९), वि.अ. को फैसला मिति २०८०।५।५) | गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको। | जिल्ला रुपन्देही ओमसतिया गा.पा., वडा नं. ४ मटेरिया गाउँको मुख्य सडक ढलान गर्ने योजनामा भएको हिनामिना सम्बन्धमा भएको अनुसन्धानबाट सडकमा पि.सि.सि.(PCC) गर्ने कार्यमा लागत अनुमान अनुसारको मोटाईमा ढलान नगरी सोभन्दा कम मोटाईमा ढलान गरेको तर नापी किताब तथा बिल पेश गर्दा बढी मोटाईको ढलान गरेको चढाई फिल्डमा भएको भन्दा समग्र पि.सि.सि. परिमाणमा २२.२१ घनमिटर बढी उल्लेख गरी रु.२,६१,८५५.९० (अक्षरेपी दुई लाख एकसठ्ठी हजार आठ सय पचपन्न र पैंसा नब्बे मात्र) सरकारी रकम हानि नोक्सानी भएको देखिएकोले प्रतिवादीहरु राजु नेपाल (प्रमुख प्रशासकीय अधिकृत), लवकुश चाई (ईञ्जिनीयर) र सन्तोष भुसाल (सब ईञ्जिनियर)ले फिल्डमा कम काम भएको आईटमको नापी किताबमा बढी परिमाण मूल्याङ्क्न गरी चढाएको तथा कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी आफूहरुलाई गैरकानुनी लाभ र नेपाल सरकारलाई गैरकानुनी हानी पुर्‍याई प्रतिवादीहरु राजु नेपाल, लवकुश चाई र सन्तोष भुसालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) को कसुर गरेको देखिँदा विगो रु.२,६१,८५५.९० (अक्षरेपी दुई लाख एकसठ्ठी हजार आठ सय पचपन्न र पैंसा नब्बे मात्र) कायम गरी निजहरुलाई ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी हानि नोक्सानी पुर्याएको विगो रु. २,६१,८५५.९० सोही ऐनको सोही दफा बमोजिम निज प्रतिवादीहरु राजु नेपाल, लवकुश चाई र सन्तोष भुसालबाटै असुल उपर हुन मागदावी लिइएको छ।<br><br>यसैगरी प्रतिवादीहरु सडक ढलान गर्ने | **१. फैसलाः**<br>प्रतिवादीहरू लवकुश चाई र सन्तोष भुसालले निर्माण कार्यको स्थलगत नापजाँच र कार्य सम्पन्न प्रतिवेदन तयार गरी ओमसतिया गाउँपालिकामा पेस गरी सोही आधारमा उपभोक्ता समितिलाई भएको कामभन्दा बढी रू.२,६१,८५५।९० भुक्तानी दिएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट खटिएका बाबुराम पौडेल समेतको स्थलगत प्रतिवेदन र निजहरूले अदालतमा गरेको बकपत्र समेतबाट देखिएकोले दुबै प्रतिवादीले बदनियतपूर्वक दावीको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) (ग) र (ङ) बमोजिमको कसूर गरेको देखिँदा कसूरको मात्रा अनुसार दुबै प्रतिवादीहरूलाई सोही ऐनको दफा ८ (१) बमोजिम ३ (तीन) महिना कैद र विगो रू.२,६१,८५५।९० को दामासाहीले हुने जनही रू.१,३०,९२७। ९५ जरिवाना हुने र उक्त विगो निजहरूबाट असुल उपर हुने ठहर्छ। अन्य प्रतिवादीहरू राजु नेपाल, गजराज यादव र धर्मराज खरविन्दले प्राविधिकले पेस गरेको प्रतिवेदनलाई आधार मानी रकम लिने दिने कार्य गरेको र उक्त कार्यमा निजहरूको बदनियत पुष्टि भएको नदेखिँदा निजहरूले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भन्ने मिति २०८०/०५/०५ मा बिशेष अदालतबाट भएको फैसला।<br><br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मुल बुदा एबं आधारहरु :**<br>क) ओमसतिया गा.पा. -४ मटेरीयामा सडक पि.सि.सि. गर्ने कार्यको लागि गाउँपालिको तर्फबाट रू.१२,००,०००। र उपभोक्ता समितिबाट रू.१,३६,१४४।०९ गरी जम्मा रू.१३,३६,१४४।०९ मा काम गर्ने गरी योजनाको लगत ईष्टिमेट तयार गरी गजराज यादवको अध्यक्षताको उपभोक्ता समितिसँग मिति २०७५।०८।१३ गते सम्झौता भएको र मिति २०७५/०९/२१ गतेसम्म सो निर्माण कार्यको रु.९,९९,३४१.८३ बराबरको कार्य सम्पन्न भएको भन्ने प्राविधिक मुल्याङ्कन गरी उपभोक्ता समितिलाई जम्मा रु ८,९७,५१५ / भुक्तानी भएको देखियो। उपभोक्ता समितिले मिति २०७५।०९।०९ मा अध्यक्ष गजराज यादव, सचिव धर्मराज खरबिन्द र कोषाध्यक्ष रमादेवी चमार समेतको संयुक्त दस्तखतबाट चल्ने गरी एन.एम.बि.वैंकमा खाता खोल्ने निर्णय गरेको र मिति २०७५। १०। २१ गते चेक नं. १००८१४१६१८ बाट उपभोक्ता समितिले रू.८,७९,११२। रकम झिकेकोमा विवाद देखिएन।<br><br>ख) अब प्रतिवादीहरूले आरोप दावी बमोजिमको कसूर गरेका हुन् वा होइनन् ? भन्ने निरूपण गर्नुपर्ने पहिलो प्रश्नतर्फ विचार गर्दा सडक पि.सि. सी गर्ने कार्य सम्बन्धमा आफूलाई ईष्टिमेटको ज्ञान र कसरी पि.सि.सि. गर्नु पर्ने हो भन्ने सम्बन्धमा थाहा नभएकोले सबै सामान खरिद र काम समेत लवकुश चाईले गरेका हुन्, के कति सामान किने र के कसरी पि.सि.सी. गरे, पि.सि.सि.को मोटाई लम्बाई कति हुनुपर्ने हो, मलाई जानकारी भएन भन्ने उपभोक्ता समितिका अध्यक्ष गजराज यादव, सचिव धर्मराज खरविन्द समेतको एउटै बेहोराको अनुसन्धान र अदालतको बयान देखियो। योजनामा रकम | क) प्रस्तुत मुद्दामा ओमसतिया गा.पा. -४ मटेरीयामा सडक पि.सि.सि. गर्ने कार्यको लागि गाउँपालिको तर्फबाट रू.१२,००,०००। र उपभोक्ता समितिबाट रू.१,३६,१४४।०९ गरी जम्मा रू. १३,३६,१४४।०९ मा काम गर्ने गरी योजनाको लगत ईष्टिमेट तयार गरी गजराज यादवको अध्यक्षताको उपभोक्ता समितिसँग मिति २०७५।०८।१३ गते सम्झौता भएको र मिति २०७५/०९/२१ गतेसम्म सो निर्माण कार्यको रु.९,९९,३४१.८३ बराबरको कार्य सम्पन्न भएको भन्ने प्राविधिक मुल्याङ्कन गरी उपभोक्ता समितिलाई जम्मा रु ८,९७,५१५/ भुक्तानी भएकोमा बिबाद छैन। मिति २०७५/०९/२१ का दिन उपभोक्ता समितिका अध्यक्ष प्रतिवादी गजराज यादव र सचिव धर्मराज धर्मराज खरबिन्द समेतका व्यक्तीहरुको भेलाले उक्त योजना सम्पन्न भएको भनि रकम निकासा गरि दिनु हुन भनि निर्णय भएको देखिन्छ। विल अनुसारको भुक्तानी पाउन निजहरुले नै निवेदन दिई उपभोक्ता समितिको खातामा रकम गएको देखिन्छ। नियम बमोजिम काम गराई साईट ईन्जिनियरले बील उठाई प्रसासकिय अधिकृतले स्वीकृत गरी उपभोक्ता समितिको खातामा रकम पठाउने काम भएको देखिन्छ। त्यसरी बील बनी मिति २०७५।०९।०९ मा अध्यक्ष गजराज यादव, सचिव धर्मराज खरबिन्द र कोषाध्यक्ष रमादेवी चमार समेतको संयुक्त दस्तखतबाट चल्ने गरी एन.एम.बि.वैंकमा खोलिएको खातामा पैसा गएकोमा बिबाद छैन। सो भुक्तानी गएको रकम मिति २०७५।१०।२१ गते चेक नं. १००८१४१६१८ बाट उपभोक्ता समितिले रू.८,७९,११२।- रकम झिकेकोमा विवाद देखिदैन। जहाँ सरकारी कार्यालयको रेकर्डमा रहे भएका कागजातहरुबाट उक्त सडकको पि.सि.सि. गर्ने कार्यका लागी उपभोक्ता समितिको खातामा रकम गएको भन्ने स्पष्ट देखिन्छ। उक्त सडकको पि.सि.सि. कार्य रकम भुक्तानी भए वमोजिमको रहे भएको छैन भन्ने प्रमाणित हुन्छ। यस्तो अवस्थामा प्रतिवादीहरुले इन्कारी वयान गरे वा बुझिएका मानिसहरुले के भने जस्ता मौखिक प्रमाणको आधारमा प्रतिवादीहरु गजराज यादव र धर्मराज खरविन्दलाई सफाई दिई भएको फैसला सो हदसम्म त्रुटीपूर्ण रहेको छ।<br><br>ख) बिबादित उक्त योजनामा जम्मा रु ९,३७,७७६।६० वरावरको ७९.५४ घन मिटर काम भएको भन्ने यी प्रतिवादीहरूले पेस गरेको, नापी किताब र प्रतिवेदनमा उल्लेख भए तापनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७७।१२।२५ को विस्तृत स्थलगत मुल्यांकनमा जम्मा रु ६,७५,९२०.७० वरावरको ५७.३३ घनमिटर काम मात्र भै रू २,६१,८५५.९० वरावरको २२.२१ घन मिटर कम काम मात्र भएको भन्ने उल्लेख भएको देखियो। यसर्थ २२.२१ घनमिटर कम काम भएकोमा पनि रू.९,३७,७७६।६० वरावरको ७९.५४ घनमिटर काम भएको भनी बदनियतपूर्वक बढी परिमाण नापी कितावमा चढाएको तथा कार्य सम्पन्न प्रतिवेदन पेस गरी गराई उपभोक्ता समितीको खातामा रकम हाली नभए नगरेको कामको रकम समेत लिई खाएको देखिन्छ। उल्लेखित तथ्यमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उपभोक्ता समितिका अध्यक्ष गजराज यादव र सचिवधर्मराज खरविन्दले फिल्डमा कम भएको कामको बढी मूल्याङ्कन गराई सम्झौता विपरीत कार्य गरी भुक्तानी प्राप्त गरेर निजहरुले माथि विवेचना गरिए बमोजिम विगो रु.२,६१,८५५.९० (अक्षेरेपी दुई लाख एकसट्ठी हजार आठ सय पचपन्न र पैंसा नब्बे मात्र) हानि नोक्सानी पुर्याई आफूहरुलाई गैरकानुनी लाभ र नेपाल सरकारलाई गैरकानुनी हानी पुर्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादीहरुलाई विगो रु.२,६१,८५५.९० (अक्षेरेपी दुई लाख एकसाट्ठी हजार आठ सय पचपन्न र पैंसा नब्बे मात्र) कायम गरी ऐ.ऐ. ऐनको दफा ८ उपदफा (४) बमोजिम सजाय गरी हानि नोक्सानी पुर्याएको विगो रु. २,६१,८५५.९० सोही ऐनको सोही दफा बमोजिम निज प्रतिवादीहरु गजराज यादव र धर्मराज खरविन्दबाटै जफत हुन मागदावी लिइएको। | भुक्तानी गर्दा म प्राविधिक कर्मचारी नभएकोले ईष्टिमेट / मूल्याङ्कन सम्बन्धमा त्यति ज्ञान नभएको, ईञ्जिनियर तथा सबईञ्जिनियरले निकालेको मूल्याङ्कन बमोजिम भुक्तानी दिएको ।<br><br>ग) मिसिल कागजात हेर्दा, योजनाको स्थलगत अनुगमन गर्दा लागत अनुमानमा भएको लम्बाई भन्दा पनि बढी लम्बाई भेटिएको र मोटाई कम देखिएको, काम सन्तोषजनक नपाइएपछि पुनः गर्न लगाउनु भन्दा ईञ्जिनियर / सब- ईञ्जिनियरले काम गर्न मानेनन् भनेकोले जति काम भएको छ त्यति मात्र कम मूल्याङ्कन गरी रु ८ लाख ८० र करिब ८ लाख ८० हजार मात्र भुक्तानी गरेको हो भन्ने प्रतिवादी राजु नेपालको बयान भएको।<br><br>घ) ईट्टाको टुक्रा सोलिङ गर्नुको सट्टा ईस्टिमेटमा भन्दा बढी क्षेत्रमा पि.सि. सि. ढलान गर्ने कार्य भएको हो, कतै कतै पि.सि.सि.को मोटाई फरक हुन सक्छ, नापी कितावमा भएको बेहोरा ठिक छ, उपभोक्ता समितिले काम गराउने मान्छेसँग सम्पर्क गराईदिनु भनेकोले मैले विदुर मल्लाहलाई सहयोग गराई दिएको हो भन्ने प्रतिवादी लवकुश चाइको बयान देखिन्छ भने इञ्जिनियर लवकुश चाइको निर्देशनमा काम गरेको भन्ने अर्का प्रतिवादी सन्तोष भुसालको बयान रहेको।<br><br>ङ) ओमसतिया गाउँपालिकाबाट भएको प्राविधिक मूल्याङ्कनमा रू काम भएको भन्ने नापी किताबमा उल्लेख भए ९,३७,७७६ .६० बराबरको ७९.५४ घन मिटर काम भएको भन्ने नापी किताबमा उल्लेख भए तापनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७६।०५। २५ प्रारम्भिक स्थलगत मुल्यांकनमा जम्मा रु ६,६८,३७५.१० बरावरको ५६.६९ घनमिटर मात्र काम भै रू २,६९,४०१.५ वरावरको २२.८५ घनमिटर कम काम भएको भन्ने र मिति २०७७। १२। २५ को विस्तृत स्थलगत मुल्यांकनमा रु ६,७५,९२०.७० वराबरको ५७.३३ घन मिटर काम भै रू २,६१,८५५.९० वरावरको २२.२१ घनमिटर कम काम भएको भन्ने उल्लेख भएको ।<br><br>च) दुबै प्राविधिक फिल्ड प्रतिवेदन दिने प्रतिवेदकहरू बाबुराम पौडेल, प्रकाश पौडेल, सन्तोष कुमार यादव, घनश्याम श्रेष्ठ र विरेन्द्र कार्कीले प्रतिवेदन बेहोरालाई समर्थन हुने गरी अदालतमा वकपत्र गरेको रहेछ।<br><br>छ) अनुसन्धानको क्रममा स्थानीय व्यक्तिहरूको रोहवरमा मुचुल्का भै तयार भएको उक्त दुबै प्रतिवेदनहरूमा भएको काम र हुन बाँकी कामको निचोड सारभूत रूपमा समान देखियो।<br><br>ज) उक्त योजनाको कुल लम्बाई नापी कितावमा भन्दा बढी भए तापनि सन्तोषजनक नरहेको भन्ने निष्कर्ष देखियो। यसर्थ प्राविधिक प्रतिवादीहरूले नापी किताव बमोजिम काम भएको भनी लिएको जिकिर अनुसन्धानको क्रममा तयार भएका प्राविधिक प्रतिवेदनहरूबाट खण्डित भएको ।<br><br>झ) कम काम भएको अवस्थामा पनि नापी कितावमा बढी काम भएको देखाई रकम भुक्तानी भएको दिएको देखिदा आरोप दावी बमोजिमको रकम नेपाल सरकारलाई हानि नोक्सानी भै दावीको कसूर भएको।<br><br>ञ) उपभोक्ता समितिका अध्यक्ष र सचिवको भूमिकामा रहेका प्रतिवादीहरू गजराज यादव र धर्मराज खरविन्दको हकमा विचार गर्दा सम्झौता बमोजिम काम गर्नुपर्ने | कुनै द्विविधा देखिदैन।<br><br>ग) उपभोक्ता समितिका अध्यक्ष गजराज यादव, सचिव धर्मराज खरविन्द समेतले आफनो मातहतमा उपभोक्ता समिती गठन गरेको र उत्तरदायित्व आफैमा रहेको जानकारी पाएर पनि कसरी पि.सि.सि. गर्नु पर्ने हो भन्ने सम्बन्धमा थाहा नभएकोले सबै सामान खरिद र काम समेत लवकुश चाईलाई गर्न सहयोग मागेको र के कति सामान किने र के कसरी पि.सि.सी. गर्ने, पि.सि.सि.को मोटाई लम्बाई कति हुनुपर्ने हो, मलाई जानकारी भएन भन्ने वयानको आधारमा नीजहरु दुबैलाई सफाई दिने भइ गरी भएको फैसला आफैमा नमिलेको पाईन्छ। यी प्रतिवादीहरूले आफैले बैंकमा गई चेक मार्फत रकम निकालेकोमा अनुसन्धानमा र अदालतमा स्विकार गरेको स्थितिमा अन्य कारण देखाई दायित्वच्युत हुन कानूनले छुट दिएको पाईदैन ,मिल्दैन पनि। यस प्रकार यी दुईले दाबीको कसुरबाट सफाई दिने भई गरेको फैसला सो हदसम्म त्रुटीपूर्ण रहेको।<br><br>घ) प्रतिवादी राजु नेपालले गरेको बयानमा आफूले, योजनाको स्थलगत अनुगमन गर्दा लागत अनुमानमा भएको लम्बाई भन्दा पनि बढी लम्बाई भेटिएको र मोटाई कम देखिएको, काम सन्तोषजनक नपाइएपछि पुनः गर्न लगाउनु भन्दा ईञ्जिनियर / सव- ईञ्जिनियरले काम गर्न नमानेकाले साईटमा जति काम भएको छ त्यति मात्र कम मूल्याङ्कन गरी करिब ८ लाख ८० हजार मात्र भुक्तानी गरेको हो भनी वयान गरेको अवस्थाबाट नै प्रतिवादी राजु नेपालले उक्त निर्माण स्थल हेरेको देखेको नापजाँच गरेको भन्ने देखिन्छ। नापी किताबमा निजले समेत सहिछाप गरेको पाइन्छ। आफूले गरेको कामको प्रकृति र परिणाम राम्रो गरी जान्ने बुझ्ने क्षमता भएका प्रमुख प्रशासकिय अधिकृतलाई पनि निजले प्रमाणित गरेको नापी किताबको आधारमा दिइएको भुक्तानीको सम्बन्धमा जवाफदेही नवनाउने हो भने सार्वजनिक सम्पत्तिको हिनामिना हानीनोक्सानीमा कसलाई जवाफदेही वनाउने हो भन्ने गम्भीर प्रश्न प्रस्तुत फैसलाबाट उठ्न गएको पाइन्छ। निज प्रतिवादी राजु नेपालले नै उक्त निर्माण कार्यको लागी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा इन्जिनियर र सव-इन्जिनियरले काम गर्न नमानेको भन्ने निजको वयान बाटै प्रस्तुत निर्माण कार्यमा प्रमुख प्रशासकिय अधिकृत राजु नेपालको वदनियतपूर्ण संलग्नता भएको प्रष्ट देखिन्छ। नीजलाई प्राविधिक ज्ञान नभएको तथा प्राविधिकहरुले पेश भएका बील अनुसार भुक्तानी सम्म गरेको भनी अदालतले दाबीको कसुरबाट सफाई दिएकोमा प्रतिवादीको जिकिर नै त्यस्तो देखिदैन। तसर्थ प्रतिवादीले वयानको क्रममा लिएको जिकिर भन्दा पनि लचिलो भई प्रतिवादीले जिकिर नै नलिएको विषयमा अदालत आफैंले जिकिर लिई प्रत्यर्थी प्रतिवादी राजु नेपाललाई सफाई दिई फैसला भएको अवस्था छ। तसर्थ पनि प्रस्तुत फैसला सो हदसम्म त्रुटीपूर्ण एवं वदरयोग्य रहेको।<br><br>ङ) आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायीत्व ऐन,२०७६ को दफा ५३ (१) ले " सार्वजनिक जवाफदेहिताको पद धारण गरेको व्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको कारोवार वा निज आफैले गरेको कारोबार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | जिम्मेवारी उपभोक्ता समितिको भए तापनि माथि उल्लेख भए बमोजिम सडक पि.सि. सी गर्ने सम्बन्धमा आफूलाई जानकारी नभएकोले सबै निर्माण सामग्री खरिद समेतको सबै काम ईन्जिनियर. लवकुश चाईले गरेका हुन् भन्ने उपभोक्ता समितिका अध्यक्ष गजराज यादव, सचिव धर्मराज खरविन्द समेतको बयान रहेको र उक्त बयानलाई प्रतिवादी लवकुश चाईले काम गर्न विदुर मल्लाहलाई आफूले खोजेको भनी स्वीकार गरेको।<br><br>ट) उपभोक्ता समितिका अन्य पदाधिकारीहरू रमादेवी चमार, साधुशरण अहिर, चन्द्रिका कहार, चन्द्रशेखर धनिकार तथा अनुसन्धानमा कागज गर्ने अन्य व्यक्तिहरूको कागज र बकपत्रबाट प्रतिवादीहरूको भनाइको उक्त तथ्य थप समर्थित भएको ।<br><br>ठ) कोटहीमाई सप्लायर्सबाट सिमेन्ट वालुवा खरिद गरेको भन्ने लवकुश चाईको बयान समेतबाट उपभोक्ता समितिले गर्ने निर्माणमा लचकुश चाईको हस्तक्षेप रहेको भन्ने रहेको।<br><br>ड) उपभोक्ता समितिले सम्झौता बमोजिम खरिद तथा निर्माणको कार्य गर्न नपाइ सहप्रतिवादी लवकुश चाईले खरिद गरेको र भुक्तानी पनि स्रेस्तामा उपभोक्ता समितिको नाममा देखाइए पनि यथार्थमा सहप्रतिवादी लवकुश चाइले बुझेको देखिदा निर्माण सम्बन्धी कार्यमा यी प्रतिवादीहरूको यथार्थमा भूमिका नदेखिने।<br><br>ढ) यसर्थ उपभोक्ता समितिको नाममा काम भई उपभोक्ता समितिले रकम भुक्तानी लिएको देखिए तापनि वास्तवमा उक्त कार्यमा उपभोक्ता समितिको सार्थक र सक्रिय भूमिका नदेखिई नाम मात्रको भूमिका देखिदा उक्त रकम हानि नोक्सानी गर्ने कार्यमा उपभोक्ता समितिको अध्यक्ष र सचिवको भूमिकामा रहेका प्रतिवादीहरू गजराज यादव र धर्मराज खरविन्दको व्यक्तिगत भूमिका, मनसाय, मिलेमतो र बदनियत पुष्टि हुन नआउने।<br><br>ण) प्रतिवादीहरू लबकुश चाइ र सन्तोष भुसालले उक्त योजना सञ्चालनको समयमा उक्त योजनाको लगत इष्टिमेट तयार गर्ने, निर्माण कार्यको अनुगमन गर्ने, नापी किताव र बिल तयार गर्ने समेतको कार्य पनि प्रतिवादीहरूले गरेकोमा विवाद नदेखिने।<br><br>त) बिबादित उक्त योजनामा जम्मा रु ९,३७,७७६।६० वरावरको ७९.५४ घन मिटर काम भएको भन्ने यी प्रतिवादीहरुले पेस गरेको, नापी किताब र प्रतिवेदनमा उल्लेख भए तापनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७७।१२।२५ को विस्तृत स्थलगत मुल्यांकनमा जम्मा रु ६,७५,९२०.७० वराबरको ५७.३३ घनमिटर काम मात्र भै रू २,६१,८५५.९० वरावरको २२.२१ घन मिटर कम काम मात्र भएको भन्ने उल्लेख भएको देखियो। यसर्थ २२.२१ घनमिटर कम काम भएकोमा पनि रू.९,३७,७७६।६० वरावरको ७९.५४ घनमिटर काम भएको भनी बदनियतपूर्वक बढी परिमाण नापी कितावमा चढाएको तथा कार्य सम्पन्न प्रतिवेदन पेस गरेको ।<br><br>थ) अर्कोतर्फ माथि विवेचना भएबमोजिम सम्झौता बमोजिम उपभोक्ता समितिलाई योजनाको खरिद सम्बन्धी कार्य गर्न नदिई यी प्रतिवादीहरूले सामान खरिद र निर्माणमा हस्तक्षेप गरेको अवस्था देखियो उपभोक्ता समितिलाई काम गर्न दिनुपर्नेमा प्रतिवादी लवकुश चाइले आफै अग्रसर भै उपभोक्ता समितिको अधिकारमा हस्ताक्षेप हुने गरी आफैले काम गरेको भन्ने देखिदा प्रतिवादीको बदनियत पनि देखियो। र यी दुबै प्रतिवादीहरूले पेस गरेको गलत नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनलाई आधार मानी गाउँपालिकाले उपभोक्ता समितिलाई यथार्थमा भएको भन्दा रू २,६१,८५५.९० बढी भुक्तानी दिएबाट उक्त रकम नेपाल सरकारलाई हानि नोक्सानी भएको देखिदा दुबै | सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमाबली बमोजिम सम्बन्धित व्यक्ति जिम्मेवार हुनेछ।“ भनिएको छ भने ऐ ऐनको दफा ५३(२) मा “यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमाबली एबं प्रचलित कानून बमोजिम कारोबारसंग सम्बन्धीत कागजात तयार गर्ने, जाँच गर्ने, पेश गर्ने र सिफारिस गर्ने कर्मचारी तथा पदाधिकारीले आफूले सम्पादन गरेको काम र सो संग सम्बन्धित कारोवार बहन गर्नु पर्नेछ र त्यस्तो कामको सम्बन्धित निज आफै जवाफदेही हुनेछ।“ भनी स्पष्टै कानूनमा उल्लेख पाईदा सबै भुक्तानी भएको रकम कलम सम्बन्धमा त्यसमा संलग्न यी अधिकारी उत्तरदायी हुनेमा दुबिधा छैन।सरकारले सोहि कार्य गर्न कर्तव्य सहित उत्तरदायित्व दिएको पनि प्रष्ट बुझिन्छ। यस्तो अवस्थाको विद्यमानता एकातर्फ छँदैछ भने अर्का तर्फ वयानमा नै फिल्ड पनि हेरेको भन्ने तथा नापी किताब प्रमाणित समेत भने प्रतिवादीलाई समेत सफाई दिई भएको फैसला त्रुटीपूर्ण रहेको।<br><br>च) तत्कालीन समयमा ओमसतिया गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा प्रतिवादी राजु नेपाल रहेको र गजराज यादव एबं धर्मराज खरबिन्द उपभोक्ता समितिको क्रमश अध्यक्ष ,सचिबमा मनोनयन भई गाउँपालिका र सो समिती विच सम्झौता गर्ने गराउने, नापी किताव र कार्य सम्पन्न प्रतिवेदन प्रमाणित गरी रकम भुक्तानी गर्ने समेतको कार्य गरेकोमा पनि प्राविधिक कर्मचारीहरू ईञ्जिनियर तथा सबईञ्जिनियरले निकालेको मूल्याङ्कन प्रतिवेदनलाई आधार लिइ सोही बमोजिम यी प्रतिवादीले भुक्तानी दिएको भन्ने आधार बनाई कानुनी सजायबाट ती तीनै जनालाई सजायबाट उन्मुक्ति दिन मिल्ने होईन। सो मुद्दामा सफाई पाउने भै गरेको फैसला सर्वोच्च अदालतले ने.का.प. २०६८ अंक ६ निर्णय नं ८६३६ मा “...निर्णयकर्तालाई आफुले गरेको कार्यको दायित्वबाट उन्मुक्ति वा छुट दिई मातहतका कर्मचारीहरुलाई मात्रै जिम्मेवार बनाउँदा पूरा तवरले ईन्साफ हुन नसक्ने ” भनी प्रतिपादित नजिरको बिपरित भै नीज प्रतिवादीलाई सफाई हुने ठहर्याईएको बिशेष अदालतको फैसला कानून सम्मत समेत नभएको। तसर्थ सफाई पाउनेका हद सम्ममा सो फैसला बदर गरी प्रत्यर्थी प्रतिवादीहरु राजु नेपाल, गजराज यादव र धर्मराज खरविन समेतलाई सफाई दिएको फैसला वदर गरी अभियोग मागदावी वमोजिम सजाय गरी पाउन।<br>**अतः माथि विवेचित आधार र कारण समेतबाट सम्मानित विशेष अदालत काठमाडौंबाट प्रतिबादीहरू मध्ये राजु नेपाल, गजराज यादब र धर्मराज खरबिन्दको हकमा अभियोग मागदावीको कसुरबाट सफाई पाउने भई गरेको फैसलामा मिसिल संलग्न कागज प्रमाणको उपयूक्त मुल्यांकन नभएको र प्रचलित कानून समेतलाई अनदेखा गरी भएको उक्त पैसलामा चित्त नबुझेको हुनाले राजु नेपाल, गजराज यादब र धर्मराज खरबिन्दको हकमा दाबीको कसुरबाट सफाई दिएको हदसम्म नमिलेकोले निजहरूलाई समेत अभियोग मागदाबी बमोजिम सजाय गरी पाउन पुनराबेदन दायर गरिएको।** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रतिवादीहरु लबकुश चाई र सन्तोष भुसालले दावीको कसूरमा संलग्नता पुष्टि हुने।<br>द) प्रतिवादी राजु नेपालको हकमा हेर्दा निज तत्कालीन समयमा ओमसतिया गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा रहेकोमा विवाद देखिएन। निजले उपभोक्ता समितिसँग सम्झौता गर्ने, नापी किताव र कार्य सम्पन्न प्रतिवेदन प्रमाणित गरी रकम भुक्तानी गर्ने समेतको कार्य गरेकोमा पनि विवाद देखिएन। प्राविधिक कर्मचारीहरू ईञ्जिनियर तथा सबईञ्जिनियरले निकालेको मूल्याङ्कन प्रतिवेदनलाई आधार लिइ सोही बमोजिम यी प्रतिवादीले भुक्तानी दिएको भन्ने निजको बयान समेतबाट देखियो नापी कितावमा उल्लेख भए बमोजिमको काम नभएको यी प्रतिवादीलाई थाहा जानकारी भएको वादीले प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिने। | |